नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय

# शिक्षा विकास तथा समन्वय इकाइ

च[illegible] तहाचल, काठमाडौं

पत्र संख्या:- ०७६/७७

चलानी नं:- 640

मिति २०७५।०९।०३

**विषय :** निबन्ध प्रतियोगिता सम्बन्धमा ।

श्री सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयहरू
काठमाडौं ।

प्रस्तुत विषयमा "General Welfare Pratistnan Gyaneswor" Kathmandu को मिति २०७५ को पत्रानुसार सामुदायिक माध्यमिक विद्यालयका कक्षा ११ र १२ मा अध्ययनरत इच्छुक छात्राहरूलाई लक्षित गरेर "चेलिवेटी वेचविखन विरूद्ध युवाहरूको भुमिका" विषयमा निबन्ध लेखन प्रतियोगितात्मक प्रतियोगिता राष्ट्रव्यापी रुपमा संचालन हुने भएकाले यस काठमाडौं जिल्लाका सामुदायिक माध्यमिक विद्यालयहरूले आफ्नो विद्यालयको ११/१२ कक्षामा अध्ययनरत छात्राहरू बीच निबन्ध लेखन प्रतियोगितात्मक प्रतियोगिता गराई प्रथम, दोस्रो र तेस्रो हुने प्रतियोगीहरूको निबन्ध पुष महिना भित्र General Welfare Pratistnan Gyaneswor, Kathmandu को ठेगानामा पुग्ने गरी पठाउनु हुन अनुरोध छ । साथै निवन्ध लेखन कार्यक्रमका नियमहरु भएको पत्रको छायाँ प्रति समेत यसै साथ संलग्न गरिएको व्यहोरा अनुरोध छ ।

.................................

(नन्दलाल पौडेल)

इकाई प्रमुख

फोन नं.: ०१-४२८२९८५, ४६७२३३९, फ्याक्स: ९७७-१-४२८४५९९

# General Welfare Pratisthan

Gyaneswor, Kathmandu, Nepal
Ph # +977-01-4416462, 441476 Fax # +977-01-4436055
Email: gwp@ntc.net.np Web: www.gwpnepal.org


## निबन्ध लेखन कार्यक्रमको नियमहरु यस प्रकार छन् ।

- प्रतियोगितामा छात्राहरु मात्र सहभागी हुन पाउने छन् ।
- विधालयलले आन्तरीक प्रतियोगीता गरी पहिलो, दोस्रो र तेस्रो भएका छात्राहरुको छनौट गरी उत्किृष्ट तिन वटा मात्र यस सस्थांमा पठाउन पर्ने छ ।
- विधालयलले छानिएका निबन्धहरु हाम्रो कार्यलय , काठमाडौं पठाउन पर्ने छ !
- निबन्ध पठाउनको लागी आफुलाई उपयुक्त हुने माध्यम जस्तै ईमेल **(getpaper@gpicoop.org)** अथवा हुलाकको प्रयोग गरेर हाम्रो ठेगाना **(२९४ कुमारी मार्ग ६ , जनरल वेलफेयर प्रतिष्ठान , डिल्ली बजार , काठमाडौं)** मा पठाउन सकिन्छ ।
- बिजेता :- प्रत्येक ७ प्रदेश बाट १-१ बिजयी विधार्थी छनौट हुने छन् ।
- हरेक बिजेता विधार्थीको साथ १ जना शिक्षक र १ जना अभिभावकको साथ काठमाडौं आउन पर्ने छ । सो कार्यकमको लागी आउने जाने गाडी भाडा र काठमाडौं मा २ दिन बस्न प्रति व्यक्ती रु २०००/- प्रतिदिनको लागी उपलब्ध गरिन्छ ।
- हरेक बिजेताले पुरस्सकार स्वरुप प्रमाणपत्र र रु १०,०००/- पाउने छन् भने ति विधार्थीहरु अध्यनरत् विधालयले पनि पुरस्कार रु १५,०००/- र एक प्रमाणपत्र पाउने छ ।
- निबन्धको शिर्षक "चेलीवेटी बेचबिखन विरुद्ध युवाहरुको भूमिका" रहने छ ।

कार्यकम चार चरणमा सम्पन्न हुने छ । कार्यकमको चार चरण यस प्रकार छन् :-

- पहिलो चरण : विभिन्न विधालय बाट पौष महिना भित्र निबन्धहरु काठमाडौं आउछन् ।
- दोस्रो चरण : यस चरणमा विभिन्न निर्णायक मण्डलहरुले ७ सर्वश्रेष्ठ निबन्धहरुको छनौट गर्नु हुने छ ।
- तेस्रो चरण : यस चरणमा पुरस्कार बितहरण कार्यक्रम हुनेछ र यो कार्यक्रम चैत महिना भित्र सम्पन्न हुने छ ।
- चौथो चरण : प्राप्त भएको सम्पूर्ण निबन्धहरु संकलन गरी प्रकाशीत गरीने छ ।